आर्थिक बर्ष : २०८१/८२
बैठक संख्या :११

आज मिति २०८१/११/२८ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थितिः**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री डन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोख्रेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

**अन्य उपस्थिति**

श्री पिताम्बर पोख्रेल प्रशासकीय अधिकृत
श्री प्रमिला पौडेल ईन्जिनियर
श्री दिपक ढुङ्गाना सहायक प्रशासकीय अधिकृत
श्री शंकर चापागाई सहायक लेखा अधिकृत
श्री बालकृष्ण पौडेल कम्प्युटर अपरेटर
श्री विज्ञान के.सी. सव-ईन्जिनियर

CamScanner

(मिति २०८१/११/२८)

**प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं .१**

सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धमा।

**निर्णय नं. १**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा संचालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम बिरुवा गाउँपालिकामा पनि संचालन गर्नेगरी मन्त्रालयसंग सहकार्यका लागि प्रस्ताव पेश गर्ने र सो कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि गाउँपालिकाको तर्फबाट नियमानुसार लागत साझेदारी गर्ने प्रतिबद्धता गरियो ।

**प्रस्ताव नं .२**

बिरुवा गाउँपालिकाको परामर्श सेवा खरिद RFP No. :BRM/RFP/01/081/82 सम्बन्धमा।

**निर्णय नं. २**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश र बिरुवा गाउँपालिकाको साझेदारीमा संचालन हुँदै गरेको बिद्युतीय शुसासन कार्यक्रम कार्यान्वयनका लागि बिरुवा गाउँपालिका कार्यालयद्धारा "Selection of Consulting Service for Development of Digital Citizen Charter, Agricultural & Livestock Information and Integrated Android App, Information Portal & Android App for Biruwa Rural Municipality" को लागि २०८१/०९/१४ मा EOI सम्बन्धी सूचना प्रकाशित भई सार्वजनिक खरिद ऐनमा भएको प्रावधान बमोजिम खरिद प्रक्रिया अगाडी बढाई छनौट भएका परामर्शदाताहरुसंग RFP माग गरी RFP मा पेश भएका Technical प्रस्तावहरुको मूल्याङ्कन समितिद्धारा मूल्याङ्कन पश्चात मिति २०८१/११/२२ गते बिरुवा गाउँपालिकाद्धारा २०८१/११/२८ गते आर्थिक प्रस्ताव खोल्नेगरी सूचना प्रकाशन गरिएकोमा ६ वटा फर्मले RFP पेश गरेकोमा प्राविधिक प्रस्ताव मूल्याङ्कन पश्चात RFP मा उल्लेख भएका कतिपय मूल्याङ्कनका उपक्षेत्रहरु स्पष्ट नभएको कारण परामर्शदाताहरुले आवश्यक कागजात सम्बन्धमा अस्पष्टता भएको भन्दै खरिद प्रक्रियामाथी चित्त नबुझाएको र सो को कारण खरिद प्रक्रियामा सिमित प्रतिष्पर्धा सिर्जना हुनसक्ने भनी परामर्शदाताहरुको निवेदन प्राप्त भएको, कार्यालयको सिमित प्रतिष्पर्धा कायम गर्ने कुनै मनसाय नभएको, पुन प्राविधिक प्रस्ताव मूल्याङ्कनको लागि निवेदन पेश भएकोमा सोहि समितिले पुन मूल्याङ्कन गर्न नसक्ने र सोको लागि गाउँ कार्यपालिकालाई अनुरोध गर्ने मूल्याङ्कन समितिको निर्णय भएको, उक्त विषयसंय सम्बन्धित विषयविज्ञ (EXPERT) पालिकासंग नभएको कारण पालिकाको मूल्याङ्कन समितिद्धारा गरिएको मूल्याङ्कनमा त्रुटी नभएको एकीन गर्न नसकिएको, RFP को प्राविधिक मुल्याङ्कनमा २ वटा मात्र फर्म उत्तिर्ण भएको, उपक्षेत्रहरुको अस्पष्टताले

CamScanner

सिमित प्रतिस्पर्धालाई सहयोग पुर्याउन सक्नेहुदा, आर्थिक प्रस्ताव नखोली उपक्षेत्रहरु खुलाई उच्च प्रतिस्पर्धा हुने गरि खरिद प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिन आवश्यक देखिएको, परामर्श सेवा तत्काल लिदा वा नलिदा कार्यालयको दैनिक सेवा प्रवाहमा ठूलो भिन्नता नहुने हुँदा उक्त खरिद प्रक्रियालाई स्थगित गरी पुन खरिद प्रक्रिया पुन शुरु गर्न पर्याप्त समयको अभाव रहेको कारण उक्त खरिद प्रक्रियालाई सार्वजनिक खरिद अनुगमन कार्यालयद्धारा प्रकाशित राय परामर्शहरुको संग्रहको बुँदा नं. ९२(१) बमोजिम रद्ध गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

<u>प्रस्ताव नं .३</u>

दिर्घरोगीहरुको निवेदन संकलन तथा रकम माग सम्बन्धमा।

<u>निर्णय नं. ३</u>

बिरुवा गाउँपालिका अन्तर्गत रहेका दिर्घरोगीहरुको वडा कार्यालयमार्फत निवेदन संकलन गरी उनीहरुलाई नियमानुसार उपलब्ध गराउनुपर्ने रकम सम्बन्धित मन्त्रालयमा माग गर्ने सर्वसहमतिले निर्णय गरियो।